मितिः २०८१/०८/२७

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख | |
| २ | श्री सुशिला अधिकारी | उपप्रमुख | |
| ३ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री बुद्धमाया पुतुवार (नगरकोटी) | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| २० | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| २१ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## अन्य उपस्थितीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | उपसचिव | |
| २ | श्री सुर्यनाथ कोइराला | अधिकृत आठौं | |
| ३ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ४ | श्री कञ्चन खनाल | वरिष्ठ इञ्जिनियर | |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री कमला चापागाई | जनस्वास्थ्य अधिकृत | |
| ७ | श्री नारायण प्रसाद तिमिल्सिना | अधिकृत छैठौं | |
| ८ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |

## प्रस्तावः-

१. फस्कु देखि भिमढुंगा, नर्सरी भञ्याङ्ग सम्मको सडक स्तरोन्नती सम्बन्धमा ।

२. विविध ।

# निर्णयहरू:

**निर्णय नं. १**

गत मिति २०८०/०८/१९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा संमिक्षा गरियो ।

**निर्णय नं. २**

यस नगरपालिका वडा नं. ६ फस्कु देखि भिमढुंगा, नर्सरी भञ्याङ्ग सम्मको सडक स्तरोन्नती गर्नको लागि आ.व. २०८१/०८२ मा रकम रू.२ करोड विनियोजन भएकोमा उक्त सडक स्तरोन्नतीको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) बमोजिम लागत अनुमान रू.४०,५२,४२,०६८.७४/- (अक्षरूपी चालिस करोड बाउन्न लाख बयालिस हजार अठसट्ठी रूपैंया चौहत्तर पैसा) देखिन आएकोले विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी उक्त आयोजनालाई बुहवर्षिय योजनाको रूपमा ठेक्का प्रकृया अगाडि बढाउने र उक्त योजनाको लागि आवश्यक नपुग रकम आगामी नगर सभाबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प.सं. २०८१/०८२, च.नं. ७०, मिति २०८१/०८/२६ गतेको पत्रबाट चालु आ.व. मा यस कार्यालयलाई प्राप्त विनियोजित बजेट (नागरिकताको अनुसूची लगायतका कागजातहरू ब्याईण्डिङ्ग खर्च) नपुग हुन गएको र यस कार्यालयबाट नागरिकता वितरण सम्बन्धि कार्यमा कार्यालयमा प्राप्त हुने अनुसूची फारम तथा अन्य आवश्यक कागजातहरू बाईण्डिङ्ग गरी अभिलेख व्यवस्थापन गरेको हुँदा उक्त कार्यको रकम रू.२,६७,२४५/- (दुई लाख सठ्सट्ठी हजार दुई सय पैतालिस रूपैंया) मात्र यस नगरपालिकाको यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको बजेट शिर्षक नं. २२५२९ को विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी बिल भर्पाई पेश भए पछि भुक्तानीको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

नागार्जुन नगरपालिकाबाट ठेक्का आह्वानबाट संचालन भईरहेका आयोजनाहरु लामो मनसुन अवधिका कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजानाहरु तथा परामर्श कार्यहरुको म्याद थप गर्ने निर्णय गरीयो।

तपसिलः-

| क.स | योजनाहरुको विवरण | निर्माण व्यवसायी /परामर्शदाता को नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | Ichhangunarayan Mandir Punarnirman Works Nagarjun/NCB/W/23/2078-79 | DR Construction | माघ मसान्त | |
| २ | Detailed Project Report (DPR) of Kamalpokhari Rennovation works | Mansa Engineering Consultancy, Chipledhunga-09, Pokhara. | पुस मसान्त | |
| ३ | "Road Safety Audit/Road Safety Inspection (Black Spot analysis)/Traffic Safety Study of roads within Nagarjun Municipality | Impaxive Engineering Solution GairiGau, Tokha Municipality-8, Kathmandu. | पुस मसान्त | |

निर्णय नं. ५

नागार्जुन नगरपालिका अन्तर्गत वडा नं. १० स्थित स्यूचाट क्रिकेट लिग सञ्चालन गर्नको लागि तारकेश्वर युवा क्लबबाट खेल प्रतियोगिता सञ्चालन गर्नको लागि रकम रू. १३,००,०००/- (तेह्र लाख) पेश गरेकोमा यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको बजेट शिर्षक नं. २२५२२ को खेलकुद सामाग्री वितरण, खेल प्रायोजन तथा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी निवेदक संस्थासँग रकम रू.५,००,०००/- (पाँच लाख) को सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नागार्जुन नगरपालिका कार्यालयमा तपसिलमा उल्लेखित व्यक्ति तथा संस्थाहरूले निम्न बमोजिमको कार्य गर्नको लागि कार्यक्रम प्रायोजन माग गरी निवेदन पेश गरेकोमा उल्लेखित संस्थाहरूलाई कार्यक्रम प्रायोजन स्वरूप निम्न रकम यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको बजेट शिर्षक नं. २२५२९ को विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी बिल भर्पाई पेश भए पछि भुक्तानीको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | निवेदक संस्थाको नाम | कार्यक्रमको विवरण | रकम रू. |
|---|---|---|---|
| १. | काईनोनिया रानीवन ख्रिस्टिय मण्डली संस्था | क्रिष्मस कार्यक्रम | ९९,००० |

निर्णय नं.७

यस नगरपालिका वडा नं. ३ स्थित डाँडागाउँ विर भगवती टोलमा खानेपानी समस्या भएकोले ५००० लिटरको खानेपानी टयांकी माग भई आएकोले यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको बजेट शिर्षक नं. २२५२२ को ढल, पाईप, टयांकी खरिद समेत शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी खानेपानी टयांकी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिका अन्तर्गत वडा नं. ८ को वडा कार्यालय भवन निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) तयार गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ९

यस नगरपालिका अन्तर्गत वडा नं. ९ को बिन्दाबासिनी मन्दिर स्तरोन्नतीको लागि नगरस्तरीय बजेटमा विनियोजित रकमलाई सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस नगरपालिका अन्तर्गत वडा नं. ८ स्थित मुल सडक सृजना बस्ती र बसपार्क उकालो ढलानबाट बहाल जाने भित्री सडक स्तरोन्नती गर्नको लागि ४५० मि.मि.को १८० मिटर ह्युम पाईप माग भई आएकोले उक्त कार्यमा खन्ने पुर्ने तथा मंगल राख्ने कार्य उपभोक्ताबाटै गर्ने गरी प्राविधिक ल.ई. बमोजिम नगरपालिकाको ढल, पाईप, बाजागाजा, टयांकी खरिद खर्च शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च हुने गरी ह्युम पाईप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरपालिका अन्तर्गत वडा नं. ७ स्थित सोती गाउँ मुल सडकको लागि आवश्यक स्वीकृत प्राविधिक लागत अनुमान बमोजिमको ह्मपाईप खरिद गरी उपभोक्तालाई हस्तान्तरण भएकोले प्राविधिक कार्य सम्पन्न प्रतिवेदन बमोजिम नगरपालिकाको ढल, पाईप, ट्यांकी खरिद समेत खर्च शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च हुने गरी ह्युम पाईपको भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

नागार्जुन नगर अस्पतालद्वारा प्रदान गरिएको सेवालाई प्रभावकारी बनाउनको लागि दैनिक सेवा लिन आउने बिरामीहरूलाई विशेषज्ञ सेवा उपलब्ध गराउनको लागि हप्तामा दुई दिन रेडियोलोजिष्टको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नगरपालिकाको गौरवको रूपमा रहेको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन तथा कार्यान्वयन गर्नको लागि यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट पुस्तिकाको खर्च शिर्षक नं. २२५२२ को नगरवासीहरूका लागि नगर स्वास्थ्य बिमा प्रिमियम शुल्क भुक्तानी शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी यस नगरपालिका अन्तर्गत १० वटै वडाका वडा सचिवको नाममा नगरवासीहरूले नागार्जुन नगरपालिकाको निःशुल्क स्वास्थ्य बिमा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ ले तोकेको कागजात सहित निवेदन दिए पछि भुक्तानी हुने गरी पहिलो किस्ता स्वरूप रकम रू.५ लाखको दरले पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिका अन्तर्गतका तपसिलमा उल्लेखित सार्वजनिक जग्गाहरू नेपाल सरकारको नाममा कायम गर्नको लागि मालपोत कार्यालय, कलंकीमा सिफारीस गर्ने निर्णय गरियो ।

**जग्गाको विवरण:**

| सि.नं. | साविक गा.वि.स. | साविक वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | इचंगुनारायण गा.वि.स. | ९ | १०२०९८२१२ | १५२ | ५३८ ब.मी. | १ नं. वडा कार्यालय |
| २ | सितापाईला गा.वि.स. | ५ (क) | १०२-१०६१-०६/०७ | ६ | ६१५३ ब.मी. | नगर अस्पताल |
| ३ | सितापाईला गा.वि.स. | ९ (ख) | | ४६२/२३१ | ०-६-०-० /१-४-०-० | २ नं. वडा कार्यालय |
| ४ | रामकोट गा.वि.स. | ७ (३) | | १४४ | | ६ नं. वडा कार्यालय |
| ५ | रामकोट गा.वि.स. | ३ (२) | | ९९९८ | | ७ नं. वडा कार्यालय |
| ६ | स्यूचाटार गा.वि.स. | ३ | | ६ | १-७-२-० | ९ नं. वडा कार्यालय |
| ७ | सितापाईला गा.वि.स. | ५ | १०२१०६१०८ | ४२६ | | ५ नं. वडा कार्यालय |
| ८ | सितापाईला गा.वि.स. | ५ | १०२१०६१०६ | ७ र ८ | | |
| ९ | स्यूचाटार गा.वि.स. | ५ | | २१८ | ३-४-२-० | १० नं. वडा कार्यालय |
| १० | इचंगुनारायण गा.वि.स. | ४ | १०२१०६२०२ | २३ | ३५९.६० | पांचधारा खानेपानी भवन निर्माण |